मिति २०८१/१२/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण।

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	कुशल दाहाल, चन्द्रदेव मेहता, डण्डर सिंह विश्वकर्मा, उदेश कुमार श्रेष्ठ, विशाल पण्डित, हस्पिटेक ईन्टरप्राईजेज प्रा.लि. र मनोज कुमार आचार्य (विशेष अदालतको मुद्दा नं. ०८०-CR-०१४३ र फैसला मिति २०८१/०३/३१)	गैरकानूनी लाभ हानी पुऱ्याउने बदि्नयतले काम गरी भ्रष्टाचार गरेको	**High Dependency Unit (HDU) को उपकरण खरिद मूल्यांकन समितिका संयोजक तथा स्वास्थ्य निर्देशनालय धनकुटाका तत्कालीन निर्देशक चन्द्रदेब मेहतालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुरमा निज प्रतिवादीलाई रु.२,८९,६६,०५०।०० विगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो वमोजिम जरिवाना गरी विगो समेत असुल उपर हुन निज प्रतिवादी चन्द्रदेव मेहतालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिमको कसुरमा सोही ऐनको दफा ९ वमोजिम समेत सजाय हुन मागदावी लिइएको। **High Dependency Unit (HDU) खरिद मूल्यांकन समितिका सदस्य तथा प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, बिराटनगरका वायोमेडिकल इन्जिनियर कुशल दाहाललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुर गरेको देखिदा निज प्रतिवादीलाई रु.२,८९,६६,०५०।०० विगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो वमोजिम जरिवाना गरी विगो समेत असुल	**फैसलाः** प्रतिवादीहरुलाई अभियोग मागदावी सफाई दिने ठहर गरी फैसला भएको। **विशेष अदालतले फैसला गर्दा लिएका आधारः** **क.** प्रतिवादी रामचन्द्र सा कानु विद्यालय निर्माण समितिका प्रतिवेदक ताचल निरौलाले प्राविधिक मूल्यांकनमा सफल ठहर गरी ठेक्का प्रदान गर्न भौतिकरुपमा परिक्षण गर्न सम्भव हुदैन भन्ने बेहोराको	**उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ** **क.** स्वास्थ्य निर्देशनालय, धनकुटाले कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र, बिराटनगरको लागी HDU को उपकरण खरिद गर्दा माग गरिएको बोलपत्रमा कुनै पनि बोलपत्रदाताहरुले Requirements (Goods Compatibility) पूरा गरेको नदेखिएको अवस्थामा पनि सारभुत रुपमा प्रभावग्राही नभएको बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही भएको भनी मुल्याङ्कन समितिवाट गलत लिखत तयार गरी गराई गलत लिखत प्रतिवेदनको आधारमा बोलपत्र मूल्यांकन समितिको वैठकले सार्वजनिक खरिद नियमावली, २०६३ को दफा ६२(२) प्रतिकुल अनुचित प्रलोभनमा परी (कोभिड महामारीको विशेष परिस्थितिमा अत्यावश्यक स्वास्थ्य पूर्वाधार HDU को उपकरण खरिद गर्नैपर्ने अवस्थामा सारभूत रुपमा प्रभावग्राही नभएको तेस्रो हुने र पहिलो हुने जुनसुकै खरिद गरेको भएतापनि उपयोगितामा फरक नपर्नेमा प्रतिवादीहरुको गैरकानूनी लाभ लिने बदनियतले रु.२,८९,६६,०५०।०० बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य गरे गराएको भन्ने मूख्य आरोप दावी रहेको प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुले कसूरमा इन्कार रही वयान गरेतापनि स्वास्थ्य सेवा विभाग कि बायोमेडिकल इन्जिनियर स्मृति रिजालले पेश गरेको मिति २०७८।११।२२ गतेको प्रतिवेदनमा स्पेसिफिकेसनको बुँदा नं.३.१, ३.२, ३.३, ४.७, ४.१८ बमोजिमको Requirement हरु Comply गरेको उल्लेख भएतापनि बोलपत्र कागजातहरुको अध्ययन गर्दा उक्त बुँदाहरु Catalog बाट स्पष्ट भएको नदेखिएको र सो को लागि Clarification समेत माग भएको नदेखिएको भन्ने उल्लेख छ। त्यस्तै बायोमेडिकल इन्जिनियर ताचल निरौलाले मिति२०७९।११।०३ सम्पुर्ण बोलपत्र कागजातहरुको पुनः मूल्याङ्कन गर्दा प्राप्त हुन आएका कुनै पनि बोलपत्र प्राविधिक मूल्याङ्कनमा सारभूत रुपमा प्रभावग्राही भएको देखिएन। तेस्रो हुने र पहिलो हुने जुनसुकै वोलपत्र खरिद

			उपर हुन तथा निज प्रतिवादी कुशल दाहाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिमको कसुरमा सोही ऐनको दफा ९ वमोजिम समेत सजाय हुन मागदावी लिइएको। **High Dependency Unit (HDU) को उपकरण खरिद मूल्यांकन समितिका सदस्य स्वास्थ्य निर्देशनालय, धनकुटाका लेखा अधिकृत डण्डरसिंह बिश्वकर्मालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुरमा गरेको देखिदा निज प्रतिवादीलाई रु.२,८९,६६,०५०।०० विगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो वमोजिम जरिवाना गरी विगो समेत असुल उपर हुन तथा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिमको कसुरमा सोही ऐनको दफा ९ वमोजिम समेत सजाय हुन मागदावी लिईएको। **High Dependency Unit (HDU) को उपकरण खरिद मूल्यांकन समितिका सदस्य स्वास्थ्य निर्देशनालय, धनकुटाको खोप अधिकृत उदेश कुमार श्रेष्ठलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुरमा निज प्रतिवादीलाई रु.२,८९,६६,०५०।०० विगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो वमोजिम जरिवाना गरी विगो समेत असुल उपर हुन तथा निज	वकपत्रबाट निजले भौतिक रुपमा उपकरण चेकजाँच नगरी कागजातहरु मात्र जाँचबुझ गरेको देखिएको। **ख.** HDU जडान भई सकेपछि भुक्तानी दिनु पूर्व टेकु हस्पितलका बायो मेडिकल ईन्जिनियर पदमा मिश्राले भौतिक निरिक्षण गरी प्रतिवेदनमा सबै उपकरणहरु प्राविधिक स्पेसिफिकेशन बमोजिम रहेको छ भन्ने उल्लेख भएको। **ग.** कोभिड १९	गरेको भएतापनि उपयोगितामा फरक पर्ने देखिएन भन्ने ब्यहोरा उल्लेख गरेको प्रतिवेदनलाई निजहरुले अदालत समक्षको वकपत्रबाट समेत सनाखत गरेको अवस्थामा उक्त तथ्यलाई प्रमाण ऐन, २०३१ को दफा १८ र दफा २० बमोजिम प्रमाणमा लिन हुने हुँदा उक्त प्रमाणको कुनै मूल्यांकन नै नगरी प्रतिवेदक ताचल निरौलाले भौतिक रुपमा उपकरण चेकजाँच नगरी कागजातहरु मात्र जाँचबुझ गरेको देखिएको भन्ने मनोगत विश्लेषण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण हुँदा बदरभागी छ। **ख.** प्रस्तुत मुद्दामा "लागत अनुमान तयार गरी प्रति एकाई दर मात्र र विस्तृत लागत अनुमान पठाएकोमा लागत अनुमान तयार गरेको आधार लेखापरीक्षणमा पेश हुन नआएकोले लागत ठिक छ भनी एकिन गर्न सकिएन" भन्ने समेत व्यहोराको महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाडौंको च.नं.४४७, मिति २०८०।१०।१९ गतेको पत्र, सार्वजनिक खरिद परामर्श कार्यटोलीको मिति २०८०।११।१५ गतेको राय "सार्वजनिक निकायले बोलपत्र साथ संलग्न गरेको Requirements (Goods Compatability) पूरा गरेको नदेखिएको अवस्थामा पनि योग्यता पुरा गरेको भन्ने मूल्यांकन समितिको प्रतिवेदन रहेको देखिएको सार्वजनिक खरिद ऐन, २०६३ दफा २५ को उपदफा (७) वमोजिम मूल्यांकनका आधार अनुरूप भएको नपाइएमा निजको बोलपत्र मूल्यांकनबाट हटाई क्रमशः अर्को न्यूनतम वोल अङ्क कवोल गर्ने वोलपत्रदाताको योग्यताको जाँच सोही आधारमा गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा पेश भएका ३ वटै बोलपत्रहरू प्राविधिक दृष्टिकोणबाट सारभूत रुपमा प्रभावग्राही नभएकोमा बोलपत्र मूल्यांकन प्रकृयाबाट हटाई बोलपत्र रद्द गरी पुनः बोल प्रकृया शुरु गर्नुपर्नेमा त्यसो गरेको देखिएन। तोकिएका सबै आधारहरू पूरा नहँदा मूल्यांकन समितिले प्रभावग्राही भयो भन्न मिल्ने देखिदैन र यस विषयमा बायोमेडिकल ईन्जिनियरहरूको दुवै प्रतिवेदनले प्रष्ट समेत पारेको देखिँदा यो खरिद प्रकृया नियमसंगत देखिएन" भन्ने समेत व्यहोराको उल्लेख भएको प्रमाणहरुलाई फैसला गर्दा, प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) र (२) बमोजिम प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन्छ। तर उक्त कागज प्रमाणलाई प्रमाणमा ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला बदरभागी छ।

			प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिमको कसुरमा सोही ऐनको दफा ९ वमोजिम समेत सजाय हुन मागदावी लिइएको। **Hospitec Enterprises Pvt. Ltd., Tinkune, Kathmandu, Nepal र उक्त प्रा.लि.का संचालक विशाल पण्डितलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ञ) बमोजिमको कसुरमा लाभ प्राप्त गर्ने मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिमको कसुरमा निज प्रतिवादीहरुलाई रु.२,८९,६६,०५०।०० विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) वमोजिम मूल कसुरदारलाई हुने सजायलाई आधार मानी प्रतिवादीहरू Hospitec Enterprises Pvt. Ltd., Tinkune, Kathmandu, Nepal र उक्त प्रा.लि.का संचालक विशाल पण्डितलाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक व्यवस्था बमोजिम मुख्य कसुरदारलाई हुने सजाय वरावर नै सजाय हुन मागदाबी लिईएको। **Hospitec Enterprises Pvt. Ltd., Tinkune, Kathmandu, Nepal का वजार व्यवस्थापक मनोज कुमार आचार्यलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुरमा लाभ प्राप्त गर्ने मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिमको कसुरमा निज प्रतिवादी	को विशेष अवस्था र परिस्थितिमा खरीद गरिएको।	**ग.** प्रस्तुत मुद्दामा विवादको विषय जडान भएका उपकरणहरु प्राविधिक स्पेसिफिकेशन बमोजिमको भएन भन्ने होइन, विवादको विषय भनेको अस्वाभाविक रुपमा बढी मूल्य तिरी High Dependency Unit (HDU) जडान तथा सञ्चालन गर्न सामाग्री खरिद गरेको भन्ने हो। कोशी अस्पताल कोभिड-१९ केन्द्र विराटनगरमा High Dependency Unit (HDU) जडान तथा सञ्चालन गर्न सामाग्री खरिद गर्दा बोलपत्र माग गरिएकोमा प्राप्त बोलपत्रमा कुनै पनि बोलपत्रदाताहरुले Requirements (Goods Compatibility) पूरा गरेको नदेखिएको अवस्थामा पनि सारभुत रुपमा प्रभावग्राही नभएको बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही भएको भनी मुल्याङ्कन समितिवाट गलत लिखत तयार गरी गराई गलत लिखत प्रतिवेदनको आधारमा कम सारभूत रुपमा प्रभावग्राही नभएका ३ वटै वोलपत्र मध्ये सवैभन्दा कम रकम कवोल गर्ने Nikki Farma Distribution ले कवोल गरिएको रकम भन्दा रु.२,८९,६६,०५०।०० अस्वाभाविक रुपमा बढी मूल्य तिरी Hospitec Enterprises Pvt. Ltd., Tinkune बाट खरिद गर्ने गराउने कार्य गरे गराएको पुष्टि भएको अवस्था विद्यमान देखिदा देखिदै विवादको विषय भन्दा वाहिर गई जडित उपकरणहरु प्राविधिक स्पेसिफिकेशन बमोजिम रहेको छ भन्ने आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला तथ्य विश्लेषणको रोहमा बदरभागी छ। **घ.** स्वास्थ्य निर्देशनालय, धनकुटाले कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र, बिराटनगरको लागी HDU को उपकरण खरिद गर्दा बोलपत्र मागगरिएकोमा प्राप्त बोलपत्रमा Requirements (Goods Compatibility) पूरा भएको नदेखिएको अवस्थामा बोलपत्र मूल्यांकनबाट हटाई क्रमशः अर्को न्यूनतम वोल अङ्क कवोल गर्ने वोलपत्रदाताको योग्यताको जाँच सोही आधारमा गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा कोभिड -१९ को विशेष अवस्था भएकै कारण प्रकृयामा समय लाग्ने भएकोले प्राप्त ३ वटा बोलपत्रबाट कम कबोल गर्ने बलपत्रदातालाई छनौट गर्नु पर्नेमा संयोजक चन्द्रदेव मेहताको अध्यक्षतामा वायोमेडिकल इन्जिनियर कुशल दाहाल, लेखा अधिकृत डण्डरसिंह विश्वकर्मा र खोप अधिकृत उदेश कुमार श्रेष्ठ सम्मिलित बोलपत्र मूल्यांकन समितिको वैठकले अन्य बोलपत्र दाता भन्दा रु.२,८९,६६,०५०।०० बढी कबोल गर्ने Hospitec Enterprises Pvt.Ltd छनौट गरी उक्त प्रा.लि.संग सम्झौता गरी/गराई नेपाल सरकारलाई हानी पुर्यानई व्यक्तिलाई फाइदा हुने गरी High Dependency Unit (HDU) जडान

			मनोजलाई रु.२,८९,६६,०५०।०० विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) वमोजिम मूल कसुरदारलाई हुने सजायलाई आधार मानी प्रतिवादी मनोज कुमार आचार्यलाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक व्यवस्था बमोजिम मुख्य कसुरदारलाई हुने सजाय वरावर नै सजाय हुन		तथा सञ्चालन गर्न सामाग्री खरिद गर्ने कार्य गरे/गरेको हुँदा गैरकानूनी लाभ वा हानी पुर्याञउने बद्दिनयतले काम गर्ने कसूरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ञ) बमोजिमको कसूरमा सजाय हुनु पर्नेमा यी प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ। अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा यी प्रतिवादीहरु कुशल दाहाल, चन्द्रदेव मेहता, डण्डर सिंह विश्वकर्मा, उदेश कुमार श्रेष्ठ, विशाल पण्डित, हस्पिटेक ईन्टरप्राईजेज प्रा.लि. र मनोज कुमार आचार्यलाई आरोप दावी बमोजिम सजाय हुनु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण देखिएकाले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।